दंगीशरण गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

हेकुली, दाङ

लुम्बिनी प्रदेश, नेपाल

## बैठक नं. ३/२०८१/०८२

बैठक बसेको मितिः २०८१/०७/०८

बैठक बसेको स्थानः दंगीशरण गाउँपालिकाको सभा हल

आज मिति २०८१/०७/०८ गतेका दिन दंगीशरण गाउँपालिकाका अध्यक्ष श्री शम्भु गिरी ज्यूको अध्यक्षतामा तपसिल बमोजिमका सदस्यहरूको उपस्थितिमा दंगीशरण गाउँ कार्यपालिकाको बैठक बसी सर्वसम्मतिबाट निर्णय पारित गरियो ।

उपस्थिति

| क्र.सं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री शम्भु गिरी | अध्यक्ष | |
| २. | श्री पिमा कुमारी वली खड्का | उपाध्यक्ष | |
| ३. | श्री कर्ण बहादुर नेपाली | सचिव | |
| ४. | श्री रमेश भण्डारी | वडाध्यक्ष | |
| ५. | श्री डम्बर खत्री | वडाध्यक्ष | |
| ६. | श्री सुकलाल चौधरी | वडाध्यक्ष | |
| ७. | श्री कमल थारू | वडाध्यक्ष | |
| ८. | श्री निरज बस्नेत | वडाध्यक्ष | |
| ९. | श्री रोशन जङ्ग शाह | वडाध्यक्ष | |
| १०. | श्री रेशम बहादुर वली | वडाध्यक्ष | |
| ११. | श्री मिना चौधरी | कार्यपालिका सदस्य | |
| १२. | श्री दुर्पति थरूनी | कार्यपालिका सदस्य | |
| १३. | श्री टंकी भण्डारी | कार्यपालिका सदस्य | |
| १४. | श्री चन्दा योगी | कार्यपालिका सदस्य | |
| १५. | श्री कृष्ण कामी | कार्यपालिका सदस्य | |
| १६. | श्री सितारा नेपाली | कार्यपालिका सदस्य | |

## मिति २०८१ साल कार्तिक ८ गते बसेको कार्यपालिका बैठकका निर्णयहरू

प्रस्ताव नं. १
करार सेवामा रहेका कर्मचारीहरूको करार अवधि थप गर्ने सम्बन्धमा ।

**प्रस्तावको संक्षिप्त व्यहोराः** दंगीशरण गाउँपालिकाको आन्तरिक श्रोतबाट करार सेवामा लिइएका कर्मचारीहरूको करार सेवा अवधि थप गर्नु पर्ने भएकोले ।

**हुनु पर्ने निर्णयः** दंगीशरण गाउँपालिकाको आन्तरिक श्रोतबाट करार सेवामा लिइएका तपसिल बमोजिमका कर्मचारीहरूको करार सेवाको अवधि थप गर्न आवश्यक भएकोले साविक बमोजिम कै सेवा सुविधामा रहने गरी २०८१ साल कार्तिक १ गतेदेखि बढीमा ३ महिनाको लागि करार सम्झौता गर्ने ।

तपसिल

| क्र.सं. | नाम, थर | पद | तह | कार्यरत कार्यालय |
|---|---|---|---|---|
| १ | श्री प्रमोद आचार्य | कम्प्युटर अपरेटर | पाँचौ | गाउँ कार्यपालिकाको कार्यालय |
| २ | श्री पुजा चौधरी | सि.बि.आर. सहजकर्ता | पाँचौ | गाउँ कार्यपालिकाको कार्यालय |
| ३ | श्री दिलमाया खत्री | स्टाफ नर्स | पाँचौ | दंगीशरण आधारभूत अस्पताल |
| ४ | श्री नेत्रमाला वली | स्टाफ नर्स | पाँचौ | दंगीशरण आधारभूत अस्पताल |
| ५ | श्री निरुता चौधरी | स्टाफ नर्स | पाँचौ | दंगीशरण आधारभूत अस्पताल |
| ६ | श्री तोफा डाँगी | फार्मेसी सहायक | पाँचौ | दंगीशरण आधारभूत अस्पताल |
| ७ | श्री दुर्गाबहादुर खड्का | सव-ओभरसियर | चौथो | दंगीशरण वडा नं. ५ को कार्यालय |
| ८ | श्री पवित्रा के.सी. | खरिदार | चौथो | गाउँ कार्यपालिकाको कार्यालय |
| ९ | श्री बिनिता गिरी | अमिन | चौथो | गाउँ कार्यपालिकाको कार्यालय |
| १० | श्री जयबहादुर चौधरी | ल्याव असिष्टेन्ट | चौथो | हेकुली स्वास्थ्य चौकी |
| ११ | श्री मोहन चौधरी | ल्याव असिष्टेन्ट | चौथो | दंगीशरण आधारभूत अस्पताल |
| १२ | श्री राजेन्द्र चौधरी | अ.हे.व. | चौथो | आधारभूत स्वास्थ्य सेवा केन्द्र, नन्द्रागाउँ |
| १३ | श्री प्रतिक्षा पुन | अ.न.मी. | चौथो | आधारभूत स्वास्थ्य सेवा केन्द्र, मौली |
| १४ | श्री सुनिता गिरी | अ.हे.व. | चौथो | हेकुली स्वास्थ्य चौकी |
| १५ | श्री रचना बस्नेत | अ.न.मी. | चौथो | आधारभूत स्वास्थ्य सेवा केन्द्र, नन्द्रागाउँ |
| १६ | श्री जानकी थापा | ल्याव असिष्टेन्ट | चौथो | गोल्टाकुरी स्वास्थ्य चौकी |
| १७ | श्री विष्णु के.सी. | अ.हे.व. | चौथो | दंगीशरण आधारभूत अस्पताल |
| १८ | श्री बिमला न्यौपाने | अ.न.मी. | चौथो | दंगीशरण आधारभूत अस्पताल |
| १९ | श्री सञ्चय धिताल | अ.हे.व. | चौथो | आधारभूत स्वास्थ्य सेवा केन्द्र, बुटनिया |
| २० | श्री भावना खड्का | अ.न.मी. | चौथो | आधारभूत स्वास्थ्य सेवा केन्द्र, बुटनिया |
| २१ | श्री रेनुका चौधरी | अ.न.मी. | चौथो | सामुदायिक स्वास्थ्य इकाई, फुर्केसल्ली |

गाउँ कार्यपालिकाको
बैठक संख्याः ३। २०८१/०८२
मिति २०८१/०७/०८ को
निर्णय प्रमाणित।



कर्ण बहादुर नेपाली
प्रमुख प्रशासकीय अधिकृत

| | | | | |
|---|---|---|---|---|
| २२ | श्री पूर्ण चौधरी | कार्यालय सहयोगी | श्रेणीविहिन | गाउँ कार्यपालिकाको कार्यालय |
| २३ | श्री तारा सुनार | कार्यालय सहयोगी | श्रेणीविहिन | दंगीशरण वडा नं. ५ को कार्यालय |
| २४ | श्री राजेश चौधरी | कार्यालय सहयोगी | श्रेणीविहिन | दंगीशरण वडा नं. ३ को कार्यालय |
| २५ | श्री सुशिला चौधरी | कार्यालय सहयोगी | श्रेणीविहिन | दंगीशरण वडा नं. १ को कार्यालय |
| २६ | श्री रमा चौधरी | कार्यालय सहयोगी | श्रेणीविहिन | दंगीशरण वडा नं. ४ को कार्यालय |
| २७ | श्री रेशम चौधरी | कार्यालय सहयोगी | श्रेणीविहिन | दंगीशरण वडा नं. ७ को कार्यालय |
| २८ | श्री पूर्णबहादुर थारू | कार्यालय सहयोगी | श्रेणीविहिन | पशु सेवा शाखा |
| २९ | श्री हिरा खत्री | कार्यालय सहयोगी | श्रेणीविहिन | दंगीशरण वडा नं. २ को कार्यालय |
| ३० | श्री माया कुमारी चौधरी | कार्यालय सहयोगी | श्रेणीविहिन | गोल्टाकुरी स्वास्थ्य चौकी |
| ३१ | श्री उवा चौधरी | कार्यालय सहयोगी | श्रेणीविहिन | हेकुली स्वास्थ्य चौकी |
| ३२ | श्री सिता विष्ट | कार्यालय सहयोगी | श्रेणीविहिन | दंगीशरण आधारभूत अस्पताल |
| ३३ | श्री जानकी हमाल | कार्यालय सहयोगी | श्रेणीविहिन | दंगीशरण आधारभूत अस्पताल |
| ३४ | श्री बासुदेव चौधरी | कार्यालय सहयोगी | श्रेणीविहिन | दंगीशरण आधारभूत अस्पताल |
| ३५ | श्री जानकी चौधरी | कार्यालय सहयोगी | श्रेणीविहिन | आधारभूत स्वास्थ्य सेवा केन्द्र नन्द्रागाउँ |
| ३६ | श्री चन्द्रप्रकाश चौधरी | कार्यालय सहयोगी | श्रेणीविहिन | आधारभूत स्वास्थ्य सेवा केन्द्र, मौली |
| ३७ | श्री रेशमबहादुर चौधरी | कार्यालय सहयोगी | श्रेणीविहिन | आधारभूत स्वास्थ्य सेवा केन्द्र, श्रीगाउँ |
| ३८ | श्री सुशिला चौधरी | कार्यालय सहयोगी | श्रेणीविहिन | आधारभूत स्वास्थ्य सेवा केन्द्र, रामपुर |
| ३९ | श्री टिकाराम चौधरी | ट्याक्टर चालक | श्रेणीविहिन | गाउँ कार्यपालिकाको कार्यालय |
| ४० | श्री बिनोद चौधरी | हलुका सवारी चालक | श्रेणीविहिन | गाउँ कार्यपालिकाको कार्यालय |
| ४१ | श्री राजेन्द्र कोसम्या | स्वीपर | श्रेणीविहिन | गाउँ कार्यपालिकाको कार्यालय |
| ४२ | श्री सनदकुमार डाँगी | एम्बुलेन्स चालक | श्रेणीविहिन | हेकुली स्वास्थ्य चौकी |
| ४३ | श्री रूपन्या चौधरी | सरसफाइकर्मी | श्रेणीविहिन | गाउँ कार्यपालिकाको कार्यालय |
| ४४ | श्री सलिना भण्डारी | कार्यालय सहयोगी | श्रेणीविहिन | सामुदायिक स्वास्थ्य इकाई, फुर्केसल्ली |
| ४५ | श्री कल्पना चौधरी | कार्यालय सहयोगी | श्रेणीविहिन | सामुदायिक स्वास्थ्य इकाई, प्रसडुवा |

- सम्मानित अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय बुटवलको सम्पर्क कार्यालय नेपालगञ्जको प.सं. स्थानीय २०८१/०८२ च.नं. ७१७२ मिति २०८१/०४/३० गतेको पत्रानुसार यस गाउँपालिका अन्तर्गत वडा नं. ६ मा कार्यरत असिष्टेन्ट सव-इन्जिनियर श्री रामबहादुर के.सी.को शैक्षिक योग्यताको प्रमाण-पत्र नक्कली पेश गरेको भन्ने सम्बन्धमा यस कार्यालयबाट पटक पटक शैक्षिक योग्यताको प्रमाण-पत्र माग गर्दा समेत पेश नगरेकोले करार सम्झौताको म्याद थप नगर्ने र सोहि बमोजिम जवाफ पठाउने ।
- भूमि आयोगको तथ्याङ्क अद्यावधिक गर्नुपर्ने भएकोले सर्वेक्षक (सहायक पाँचौ) श्री दिपेन्द्रकुमार शाहलाई ज्यालादारीमा निरन्तरता दिने ।

गाउँ कार्यपालिकाको
बैठक संख्या: ३/२०८१/०८२
मिति २०८१/०८/०८ को
निर्णय प्रमाणित।

कर्ण बहादुर नेपाली
प्रमुख प्रशासकीय अधिकृत

**निर्णयः** करार तथा ज्यालादारी तर्फका सम्पूर्ण कर्मचारीहरूको शैक्षिक योग्यता एवं सेवासँग सम्बन्धित सम्पूर्ण कागजातहरू सहितको व्यक्तिगत फाइल तयार गरि करार अवधि थप गर्नुपर्ने कर्मचारीहरूको करार अवधि थपको लागि सिफारिस गर्न प्रशासन शाखालाई निर्देशन दिने ।

**प्रस्ताव नं. २**
नदिजन्य पदार्थ बालुवा, ढुङ्गा, गिट्टीको उत्खनन गरी बिक्री गर्नका लागि प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन अनुमोदन गर्ने सम्बन्धमा ।

**प्रस्तावको संक्षिप्त व्यहोराः** दंगीशरण गाउँपालिकाको क्षेत्राधिकारभित्र रहेका नदि तथा खोलाहरूबाट नदिजन्य पदार्थ बालुवा, ढुङ्गा, गिट्टी उत्खनन् गरि बिक्रीका गर्ने प्रयोजनका लागि प्रारम्भिक वातावरणीय परीक्षण सम्पन्न गरि प्रतिवेदन प्राप्त भएकोले अनुमोदन गरि लागु गर्न आवश्यक भएकोले ।

**हुनु पर्ने निर्णयः** दंगीशरण गाउँपालिकाको क्षेत्राधिकारभित्र पर्ने नदि तथा खोलाहरूबाट नदिजन्य पदार्थ बालुवा, ढुङ्गा, गिट्टी उत्खनन् गरि बिक्री गर्ने प्रयोजनको लागि लुम्बिनी प्रदेश सरकारको नदीजन्य पदार्थ व्यवस्थापन कार्यविधि, २०७५ को दफा ५ को उपदफा (१) तथा दंगीशरण गाउँपालिकाको संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि, २०७७ को दफा ७ को उपदफा (४) बमोजिम सिफारिस भई आएको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन स्वीकृत गरि लागु गर्ने।

**निर्णयः** प्रारम्भिक वातावरणीय मूल्याङ्कन प्रतिवेदन संशोधन सहित स्वीकृत गर्ने ।

**प्रस्ताव नं. ३**
आर्थिक सहायता सम्बन्धमा ।

**प्रस्तावको संक्षिप्त व्यहोराः** दंगीशरण गाउँपालिकाका विभिन्न वडाहरूबाट सिफारिस भई आएका तथा गाउँ कार्यपालिकाको कार्यालयमा सोझै निवेदन दिई आर्थिक सहायता माग गरेका व्यक्तिहरूलाई समस्याको प्रकृति र गाम्भिर्यताको आधारमा आर्थिक सहायता उपलब्ध गराउनु पर्ने ।

**हुनु पर्ने निर्णयः** दंगीशरण गाउँपालिकाको आर्थिक सहायता वितरण कार्यविधि, २०७५ बमोजिम आर्थिक सहायता मागको किसिम, समस्याको प्रकृति तथा औचित्यको आधारमा भुक्तानी भएका तपसिल बमोजिम आर्थिक सहायतालाई समर्थन तथा भुक्तानी हुन बाँकीलाई भुक्तानी गर्ने।

तपसिल

| क्र.सं. | व्यक्ति वा संस्थाको नाम | ठेगाना | सहायता रकम | सहायताको कारण | भुक्तानी |
|---|---|---|---|---|---|
| १ | श्री सुक मुहमद मिया | दंगीशरण-५, दाङ | १०,०००/- | छोरीको उपचार | नभएको |
| २ | श्री तुलीकुमारी खत्री | दंगीशरण-५, दाङ | ५,०००/- | मुटुसम्बन्धी दिर्घरोग | नभएको |
| ३ | श्री प्रहरी चौकी बागर | दंगीशरण-६, दाङ | ६,०००/- | मौलो पुजा | भएको |

गाउँ कार्यपालिकाको
बैठक सख्याः ३/२०८१/०८२
मिति २०८१/०८/०८
निर्णय प्रमाणित।

कर्ण बहादुर नेपाली
प्रमुख प्रशासकीय अधिकृत

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | श्री प्रहरी चौकी गोल्टाकुरी | दंगीशरण-२, दाङ | ६,०००/- | मौलो पुजा | भएको |
| ५ | श्री प्रहरी चौकी बालापुर | दंगीशरण-५, दाङ | ६,०००/- | मौलो पुजा | भएको |
| ६ | श्री इलाका प्रहरी कार्यालय हेकुली | दंगीशरण-४, दाङ | ८,०००/- | मौलो पुजा | भएको |
| ९ | श्री डिल्ली बहादुर सुनार | दंगीशरण-६, दाङ | ५,०००/- | पित्तथैलीको पत्थरी | नभएको |
| १० | श्री प्रदिप गिरी (टोली नेता) | दंगीशरण-३, दाङ | ५,०००/- | कुवेर शाह स्मृति कप | भएको |
| ११ | श्री निराजन खत्री | दंगीशरण-१, दाङ | ८,०००/- | आगलागी (गत वर्षको बाँकी) | नभएको |
| १२ | श्री कृष्ण बहादुर खत्री | दंगीशरण-१, दाङ | १५,०००/- | घर भत्केको (गत वर्षको बाँकी) | नभएको |
| १३ | नेपाल कम्युनिष्ट पार्टी | केन्द्रीय समिति | २५,०००/- | आर्थिक सहायता | नभएको |
| १४ | श्री नेत्र कुमारी बि.क. | दंगीशरण-७, दाङ | ५,०००/- | श्रीमानको मृत्यु | नभएको |
| १५ | श्री पोस्कर घर्ती | दंगीशरण-६, दाङ | १०,०००/- | श्रीमतिको क्यान्सर भएको | नभएको |
| १६ | श्री प्रेमबहादुर डाँगी | दंगीशरण-५, दाङ | १०,०००/- | खुट्टाको प्यारालाइसिस | नभएको |
| १७ | श्री खिमकुमार डाँगी | दंगीशरण-१, दाङ | ५,०००/- | आर्थिक अवस्था कमजोर | नभएको |

**निर्णयः** दिएको आर्थिक सहायता समर्थन गरी रकम दिन बाँकीलाई भुक्तानी गर्ने ।

**प्रस्ताव नं. ४**
दंगीशरण गाउँपालिकाको स्वास्थ्य बीमा कार्यविधी, २०८१ अनुमोदन सम्बन्धमा ।

**प्रस्तावको संक्षिप्त व्यहोराः** दंगीशरण गाउँपालिकाभित्र स्थायी बसोवास गर्ने बिपन्न नागरिक, कडा खालको दिर्घरोगीहरू, मोतियाबिन्दुको सल्यक्रिया गर्नुपर्ने बिरामीहरूको गाउँपालिकाबाट स्वास्थ्य बीमा गरिदिन कार्यविधी आवश्यक भएकोले ।

**हुनु पर्ने निर्णयः** दंगीशरण गाउँपालिकाभित्र स्थायी बसोवास गर्ने बिपन्न नागरिक, कडा खालको दिर्घरोगीहरू तथा मोतियाबिन्दुको सल्यक्रिया गर्नुपर्ने बिरामीहरूको लागि गाउँपालिकाबाट स्वास्थ्य बीमा गर्ने व्यवस्था मिलाउनका लागि सामाजिक विकास समितिको मिति २०८१/०७/०६ को बैठकको सिफारिस बमोजिम स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) तथा दंगीशरण गाउँपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७५ को दफा ४ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी दंगीशरण गाउँपालिकाको स्वास्थ्य बीमा कार्यविधि, २०८१ अनुमोदन गर्ने ।

**निर्णयः** पुनः आवश्यक परिमार्जन र संशोधन गरि आगामी बैठकमा पेश गर्ने ।

**प्रस्ताव नं. ५**
दंगीशरण गाउँपालिकाको पर्यटन र पार्किङ्ग शुल्क सङ्कलन तथा व्यवस्थापन कार्यविधि, २०८१ अनुमोदन सम्बन्धमा ।

गाउँ कार्यपालिकाको
बैठक संख्याः ३।२०८१।८२
मिति २०८१।०८।०८ को
निर्णय प्रमाणित।



कर्ण बहादुर नेपाली
प्रमुख प्रशासकीय अधिकृत

**प्रस्तावको संक्षिप्त व्यहोराः** दंगीशरण गाउँपालिकाको आर्थिक ऐन, २०८१ ले व्यवस्था गरेबमोजिम पर्यटन र पार्किङ्ग शुल्क सङ्कलन तथा व्यवस्थापनका लागि पर्यटन र पार्किङ्ग शुल्क सङ्कलन तथा व्यवस्थापन कार्यविधि जारी गर्न आवश्यक भएकोले ।

**हुनु पर्ने निर्णयः** दंगीशरण गाउँपालिकाको आर्थिक ऐन, २०८१ ले व्यवस्था गरबमोजिम दंगीशरण गाउँपालिकाको क्षेत्राधिकारभित्र रहेका पर्यटकीय क्षेत्र एवं सार्वजनिक स्थलहरूमा पार्किङ्ग शुल्क सङ्कलन तथा व्यवस्थापनका लागि कार्यविधि बनाई लागु गर्न आवश्यक भएकोले आर्थिक विकास समितिको मिति २०८१/०७/ को बैठकको सिफारिस बमोजिम स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) तथा दंगीशरण गाउँपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७५ को दफा ४ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरि दंगीशरण गाउँपालिकाको पर्यटन र पार्किङ्ग शुल्क सङ्कलन तथा व्यवस्थापन कार्यविधि, २०८१ अनुमोदन गर्ने ।

**निर्णयः** आर्थिक विकास समितिबाट अध्ययनको क्रममा रेहकोले आगामी बैठकमा पेश गर्ने ।

**प्रस्ताव नं. ६**
दंगीशरण गाउँपालिकाको छोरी सम्मान कार्यविधि, २०७९ मा संशोधन सम्बन्धमा ।

**प्रस्तावको संक्षिप्त व्यहोराः** दंगीशरण गाउँपालिकाको छोरी सम्मान कार्यविधि, २०७९ कार्यान्वयनका क्रममा केहि जटिलता तथा द्विविधाहरू देखिएकोले संशोधन गर्नुपर्ने भएकोले ।

**हुनु पर्ने निर्णयः** दंगीशरण गाउँपालिकाको छोरी सम्मान कार्यविधि, २०७९ कार्यान्वयनका क्रममा केहि जटिलता तथा द्विविधाहरू देखिएकोले संशोधन गर्न आवश्यक देखिएको हुँदा आवश्यक अध्ययन, विश्लेषण तथा संशोधन गरि संशोधनका लागि कार्यपालिकाको आगामी बैठकमा पेश गर्ने गरी सामाजिक विकास समितिलाई जिम्मेवारी दिने ।

**निर्णयः** माथि व्यहोरामा लेखिएबमोजिम गर्ने ।

**प्रस्ताव नं. ७**
दलित नमुना बस्ती निर्माणका लागि योजना स्थल छनौट सम्बन्धमा ।

**प्रस्तावको संक्षिप्त व्यहोराः** आ.व. २०८१/०८२ को संघीय सशर्त कार्यक्रम तर्फको दलित नमुना बस्ती निर्माण योजना कार्यान्वयन गर्नको लागि योजना कार्यान्वयन हुने स्थान छनौट गर्न आवश्यक भएकोले ।

**हुनु पर्ने निर्णयः** आ.व. २०८१/०८२ को संघीय सशर्त कार्यक्रम तर्फको नमुना दलित बस्ती निर्माण योजना कार्यान्वयनका लागि तपसिल बमोजिमको स्थानमा योजना कार्यान्वयन गर्ने ।

तपसिल

| क्र.सं. | कार्यान्वयन हुने स्थान | वडा | बजेट | कैफियत |
|---|---|---|---|---|
| १ | कौवाघारी दलित नमुना बस्ती | २ | ६०,००,०००/- | |



गाउँ कार्यपालिकाको
बैठक संख्या: ३।२०८१।०८२
मिति २०८१।०८।०५ को
निर्णय प्रमाणित।

कर्ण बहादुर नेपाली
प्रमुख प्रशासकीय अधिकृत

| | | | | |
|---|---|---|---|---|
| २ | लेटार दलित नमुना बस्ती | ६ | ६०,००,०००/- | |
| ३ | थपगाउँ दलित नमुना बस्ती | ६ | ६०,००,०००/- | |

**निर्णयः** माथि व्यहोरामा लेखिएबमोजिम गर्ने ।

**प्रस्ताव नं. ८**
गाउँपालिकाको प्रशासनिक भवनको प्राङ्गण तथा गेट निर्माणको लागि बजेट सुनिश्चितता सम्बन्धमा ।

**प्रस्तावको संक्षिप्त व्यहोराः** दंगीशरण गाउँपालिकाको प्रशासनिक भवनको प्राङ्गण तथा गेट निर्माणको लागि थप बजेटको सुनिश्चितता गर्नुपर्ने भएकोले ।

**हुनु पर्ने निर्णयः** दंगीशरण गाउँपालिकाको प्रशासनिक भवनको प्राङ्गण तथा गेट निर्माणका लागि प्राविधिक लागत अनुमान बमोजिम थप रू. १०,००,०००/- (दश लाख रूपैयाँ) गाउँपालिकाको आ.व. २०८१/०८२ को लागि मर्मत सम्भार शिर्षकमा विनियोजित बजेटबाट व्ययभार हुने गरी बजेट रकम सुनिश्चित गर्ने ।

**निर्णयः** माथि व्यहोरामा लेखिएबमोजिम गर्ने ।

**प्रस्ताव नं. ९**
वर्षातको समयमा क्षति भएका सडक तथा बाटोहरूको मर्मत सम्बन्धमा ।

**प्रस्तावको संक्षिप्त व्यहोराः** चालु आ.व. २०८१/०८२ को वर्षातको समयमा अधिक वर्षाका कारण क्षति पुगेका सडक तथा बाटोहरूको मर्मत सम्भार गर्नुपर्ने भएकोले ।

**हुनु पर्ने निर्णयः** चालु आ.व. २०८१/०८२ को वर्षातको समयमा अधिक वर्षाका कारण क्षति पुगेका सडक तथा बाटोहरू मर्मतका लागि प्राविधिक लागत अनुमान तथा मूल्याङ्कनका आधारमा प्रत्येक वडामा बढीमा रू. १,००,०००/- (एक लाख रूपैया) सम्म खर्च गर्ने गरी मर्मत सम्भार गर्ने ।वडा नं. १ को फुर्केसल्ली सडक खण्ड मर्मतको लागि बढीमा रू. ३,००,०००/- सम्म खर्च गर्न अनुमति दिने ।

**निर्णयः** माथि व्यहोरामा लेखिएबमोजिम गर्ने ।

**प्रस्ताव नं. १०**
संघीय सशर्त कार्यक्रम तर्फको स्थानीयको साझेदारीमा विद्यालय भवन निर्माण कार्यक्रमको लागि विद्यालय छनौट सम्बन्धमा ।

**प्रस्तावको संक्षिप्त व्यहोराः** आ.व. २०८१/०८२ को संघीय सशर्त तर्फको कार्यक्रममा रहेको स्थानीयको साझेदारीमा विद्यालय भवन निर्माण योजनाको लागि विद्यालय छनौट गर्नुपर्ने भएकोले ।

गाउँ कार्यपालिकाको
बैठक संख्याः ३/२०८१/०८२
मितिः २०८१/०६/०५ को
निर्णय प्रमाणित।

कर्ण बहादुर नेपाली
प्रमुख प्रशासकीय अधिकृत

**हुनु पर्ने निर्णयः** आ.व. २०८१/०८२ को संघीय सशर्त तर्फको कार्यक्रममा रहेको स्थानीयको साझेदारीमा विद्यालय भवन निर्माण योजनाको लागि श्री भानु मा.वि. प्रसडुवामा उक्त भवन निर्माण योजना सञ्चालनको लागि छनौट गर्ने ।

**निर्णयः** माथि व्यहोरामा लेखिएबमोजिम गर्ने ।

**प्रस्ताव नं. ११**
कृषि स्नातक पदपूर्ति सम्बन्धमा ।

**प्रस्तावको संक्षिप्त विवरणः** संघीय सशर्त कार्यक्रम तर्फको कृषि स्नातक कार्यक्रम तर्फका कृषि अधिकृत श्री ऋषिकेश आचार्य कार्यालयमा बिना जानकारी अनुपस्थित भएकोले करार सम्झौता भङ्ग गरि उक्त पदमा नयाँ नियुक्तिका लागि दरखास्त आह्वान गर्नुपर्ने भएकोले ।

**हुनु पर्ने निर्णयः** संघीय सशर्त कार्यक्रम तर्फको कृषि स्नातक कार्यक्रम तर्फका कृषि अधिकृत श्री ऋषिकेश आचार्य कार्यालयमा बिना जानकारी अनुपस्थित भएकोले करार सम्झौता भङ्ग गरि उक्त पदमा नयाँ नियुक्तिका लागि दरखास्त आह्वान गर्ने ।एक पालिका एक पशु चिकित्सक र कृषि स्नातकको पदपूर्तिको लागि सञ्चालन हुने छनौट परिक्षाका लागि देहाय बमोजिम गर्ने ।

१. दंगीशरण गाउँपालिकाको करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७५ को दफा ५ बमोजिम छनौट समिति गठन गर्ने ।
२. लिखित परीक्षाको लागि सम्बन्धित सेवा समूहको लागि संघीय लोक सेवा आयोगले तोकेको पाठ्यक्रम बमोजिम प्रति प्रश्न २ अङ्कका दरले ५० वटा बहुउत्तर वस्तुगत प्रश्न सोध्ने ।लिखित परीक्षाको जम्मा पूर्णाङ्क १०० कायम गर्ने ।
३. २० पूर्णाङ्क निर्धारण गरि अन्तरवार्ता परीक्षा सञ्चालन गर्ने ।
४. लिखित तथा अन्तरवार्ताबाट प्राप्त प्राप्ताङ्कका आधारमा उच्चतम् अङ्क प्राप्त गर्ने उम्मेदवारलाई नियुक्तिका लागि सिफारिस गर्ने ।
५. समान प्राप्ताङ्क भएमा स्थानीयलाई प्राथमिकता दिने ।

**निर्णयः** माथि व्यहोरामा लेखिएबमोजिम गर्ने ।

**प्रस्ताव नं. १२**
विविध ।

(क) लघु उद्यममा आधारित उद्यमशीलता विकास कार्यक्रम (मेडपा) को कार्यक्रम कार्यान्वयनको लागि वडा छनौट सम्बन्धमा ।

**प्रस्तावको संक्षिप्त व्यहोराः** संघीय सशर्त कार्यक्रम अन्तर्गत आ.व. २०८१/०८२ मा यस गाउँपालिकामा सञ्चालन हुने लघु उद्यममा आधारित उद्यमशीलता विकास कार्यक्रम (मेडपा) को कार्यक्रम सञ्चालनका लागि वडा छनौट गर्नु पर्ने भएकोले ।

गाउँ कार्यपालिकाको
बैठक संख्याः ३/२०८१/०८२
मिति २०८१/०६/०८ को
निर्णय प्रमाणित।



कर्ण बहादुर नेपाली
प्रमुख प्रशासकीय अधिकृत

**हुनु पर्ने निर्णयः** संघीय सशर्त कार्यक्रम अन्तर्गत आ.व. २०८१/०८२ मा यस गाउँपालिकामा सञ्चालन हुने लघु उद्यममा आधारित उद्यमशीलता विकास कार्यक्रम (मेडपा) को कार्यक्रम सञ्चालनका लागि वडा नं. १ लाई छनौट गर्ने ।

**निर्णयः** माथि व्यहोरामा लेखिएबमोजिम गर्ने ।

(ख) सुरक्षित आप्रवासन (सामी) कार्यक्रम अन्तर्गत जनशक्ति पदपूर्ति गर्ने सम्बन्धमा ।

**प्रस्तावको संक्षिप्त व्यहोराः** संघ, प्रदेश र स्थानीय तहको लागत साझेदारीमा सञ्चालन हुने सुरक्षित आप्रवासन कार्यक्रम सञ्चालनको लागि आवश्यक जनशक्ति छनौट गरि पदपूर्ति गर्नुपर्ने भएकोले ।

**हुनु पर्ने निर्णयः** संघ, प्रदेश र स्थानीय तहको लागत साझेदारीमा सञ्चालन हुने सुरक्षित आप्रवासन (सामी) कार्यक्रम सञ्चालनका लागि तपसिल बमोजिमका जनशक्ति छनौट गरी पदपूर्ति गर्ने । आवश्यक न्युनतम् शैक्षिक योग्यता कार्यक्रमले निर्धारण गरे बमोजिम हुने ।

तपसिल

| क्र.सं. | पद | तह | आवश्यक संख्या | पारिश्रमिकको श्रोत | कैफियत |
|---|---|---|---|---|---|
| १ | मनोसामाजिक परामर्शकर्ता | पाँचौ | १ | ५० प्रतिशत कार्यक्रम र ५० प्रतिशत गाउँपालिका | |
| २ | रिटर्नी स्वयंसेवक | स्वयंसेवक | १ | गाउँपालिका (निर्वाह भत्ता) | रोजगार कार्यक्रम अन्तर्गत वैदेशिक रोजगारबाट फर्किएकाहरूलाई एकिकरण कार्यक्रमको लागि वनियोजित बजेटबाट । |

**निर्णयः** माथि व्यहोरामा लेखिएबमोजिम गर्ने ।

(ग) वडा नं. ५ को क्रमागत योजना तर्फको सडक निर्माण सम्बन्धमा ।

**प्रस्तावको संक्षिप्त व्यहोराः** दंगीशरण गाउँपालिका वडा नं. ५ को क्रमागत योजना तर्फको निर्माणाधिन डाँडागाउँ वडा कार्यालयदेखि पोटली डवरा हुँदै हेकुलीसम्म सडकसम्म सडक कालोपत्रे योजना अन्तर्गत हालसम्म डाँडागाउँ पुछारसम्म कालोपत्रे भइसकेको र उक्त सडक निर्माण शिर्षकमा चालु आ.व. २०८१/०८२ मा विनियोजित बजेटबाट नन्द्रागाउँ-डाँडागाउँ हुँदै हेकुली जाने सडकको पश्चिमतर्फको वडा कार्यालयहुँदै आधारभूत स्वास्थ्य सेवा केन्द्रसम्म सडक कालोपत्रे गर्नुपर्ने भएकोले ।

गाउँ कार्यपालिकाको
बैठक संख्याः ३/२०८१/०८२
मितिः २०८१/०८/०८
निर्णय प्रमाणित।

कर्ण बहादुर नेपाली
प्रमुख प्रशासकीय अधिकृत

**हुनु पर्ने निर्णयः** दंगीशरण गाउँपालिका वडा नं. ५ को क्रमागत योजना तर्फको निर्माणाधिन डाँडागाउँ वडा कार्यालयदेखि पोटली डवरा हुँदै हेकुलीसम्म सडकसम्म सडक कालोपत्रे योजना अन्तर्गत हालसम्म डाँडागाउँ पुछारसम्म कालोपत्रे भइसकेको र उक्त सडक निर्माण शिर्षकमा चालु आ.व. २०८१/०८२ मा विनियोजित बजेटबाट नन्द्रागाउँ-डाँडागाउँ हुँदै हेकुली जाने सडकको पश्चिमतर्फको वडा कार्यालयहुँदै आधारभूत स्वास्थ्य सेवा केन्द्रसम्म सडक कालोपत्रे गर्ने भन्ने वडा समितिको मिति २०८१/०७/०७ गतेको बैठकबाट सिफारिस भइआएकोले उक्त सडक कालोपत्रे गर्न स्वीकृति प्रदान गर्ने ।

**निर्णयः** माथि व्यहोरामा लेखिएबमोजिम गर्ने ।

(घ) नदिजन्य पदार्थ ढुङ्गा, गिट्टी, बालुवा उत्खनन् गरि बिक्रीका लागि टेण्डर आह्वान सम्बन्धमा ।

**प्रस्तावको संक्षिप्त व्यहोराः** दंगीशरण गाउँपालिकाको क्षेत्राधिकारभित्र रहेका नदी तथा खोलाहरूबाट नदिजन्य पदार्थ ढुङ्गा, गिट्टी, बालुवा उत्खनन् गरि बिक्री गर्ने प्रयोजनको लागि बोलपत्र आह्वान गर्नुपर्ने भएकोले।

**हुनु पर्ने निर्णयः** दंगीशरण गाउँपालिकाको क्षेत्राधिकारभित्र रहेका नदी तथा खोलाहरूबाट नदिजन्य पदार्थ ढुङ्गा, गिट्टी, बालुवा उत्खनन् गरि बिक्री गर्नुपर्ने भएकोले ढुङ्गा, गिट्टी, बालुवा उत्खनन् बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ को दफा ४ को उपदफा (५) तथा लुम्बिनी प्रदेश नदिजन्य पदार्थ व्यवस्थापन कार्यविधि, २०७५ को दफा ७ को उपदफा (२) बमोजिम प्रारम्भिक वातावरणीय मूल्याङ्कन प्रतिवेदनबाट सिफारिस भएको परिमाण बमोजिम बिक्रिका लागि बोलपत्र आह्वान गर्ने ।

**निर्णयः** माथि व्यहोरामा लेखिएबमोजिम गर्ने ।

कर्ण बहादुर नेपाली
प्रमुख प्रशासकीय अधिकृत

गाउँ कार्यपालिकाको
बैठक संख्याः ३/२०८१/०८२
मिति २०८१/०८/०८ को
निर्णय प्रमाणित।